# नमूना प्रश्न पत्र

**कक्षा : ५** **पूर्णाङ्क: ५०**

**विषय: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** **समय: २ घण्टा**

**समूह : 'क'**

**तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् : (८×१=८)**

१. चेलीबेटी बेचविखन भनेको के हो ?

२. समाजमा विकृति फैलिनुको कुनै दुई कारण लेख्नुहोस् ।

३. असल समुदाय बनाउन व्यक्तिको भूमिका दुई बुँदामा प्रष्ट पार्नुहोस् ।

४. प्रहरी सुरक्षा सेवा आवश्यक परेमा तपाईं कसलाई र कहाँ सम्पर्क गर्नुहुन्छ ?

५. तपाईंको पुर्खाले गरेको कुनै एउटा योगदान लेख्नुहोस् ।

६. बाल अधिकारमा पर्ने कुनै दुई अधिकार लेख्नुहोस् ।

७. तपाईं बस्ने प्रदेशको नाम लेख्नुहोस् ।

८. श्रमका प्रकारहरू लेख्नुहोस् ।

**समूह : 'ख'**

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् : (९×३=२७)**

९. आर्थिक क्रियाकलापको महत्त्वबारे चर्चा गर्नुहोस् ।

१०. हिमाली क्षेत्रको गतिविधिको वर्णन गर्नुहोस् ।

११. नेपाललाई कति प्रदेशमा विभाजन गरिएको छ र ती कुन कुन हुन् ? नाम लेख्नुहोस् ।

१२. सौर्य मण्डलमा रहेको ग्रह र उपग्रहहरूको नाम लेख्नुहोस् ।

१३. कुनै महिनामा गर्मी त कुनै महिनामा जाडो हुनुको कारण चर्चा गर्नुहोस् ।

१४. चाडपर्व भनेको के हो ? हिन्दु धर्मालम्बीले मनाउने चाडपर्वहरूको सूची बनाउनुहोस् ।

१५. ग्रह र उपग्रहबिचको फरक लेख्नुहोस् ।

१६. उष्ण सदावहार वनजङ्गल नेपालको कुन ठाउँमा पाइन्छ ? यसका विशेषताहरू लेख्नुहोस् ।

१७. सामाजिक जनजीवन अन्तर्गत कुन कुन पक्षहरू पर्दछन् ।

**समूह : 'ग'**

**लामो उत्तरात्मक प्रश्नहरू : (३×५=१५)**

१८. प्रहरी चौकी र स्वास्थ्य चौकीबाट प्राप्त हुने सेवाको सूची तयार पार्नुहोस् ।

१९. पृथ्वीलाई उसिनेको कुखुराको अण्डासँग कसरी तुलना गर्न सकिन्छ ? उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

२०. नेपालको नक्सा बनाई आफू रहेको प्रदेश देखाउनुहोस् ।

**समाप्त**